बैठक संख्या ५६ — समयः- बिहान ११:०० बजे

आज मिति २०८१ साल श्रावण ११ गते शुक्रबारको दिन हुप्सेकोट गाउँकार्यपालिकाको कार्यालयमा यस गाउँपालिका अध्यक्ष श्री लक्ष्मी देवी पाण्डे ज्यूको अध्यक्षतामा गाउँकार्यपालिकाको बैठक बसी निम्नानुसारको उपस्थितीमा छलफल गरी देहाय अनुसारको निर्णय गरियो ।

उपस्थिती

| | | |
|---|---|---|
| श्री लक्ष्मी देवी पाण्डे | - | अध्यक्ष |
| श्री पूर्ण सिं राना मगर | - | उपाध्यक्ष |
| श्री रेवती सारु (मगर) | - | कार्यपालिका सदस्य एवं गाउँपालिका प्रवक्ता |
| श्री प्रेम बहादुर घर्ती | - | कार्यपालिका सदस्य एवं वडा अध्यक्ष, वडा नं १ |
| श्री कृष्ण बहादुर थापा | - | कार्यपालिका सदस्य एवं वडा अध्यक्ष, वडा नं २ |
| श्री विष्णु राना (मगर) | - | कार्यपालिका सदस्य एवं वडा अध्यक्ष, वडा नं ३ |
| श्री महेन्द्र पाण्डेय | - | कार्यपालिका सदस्य एवं वडा अध्यक्ष, वडा नं४ |
| श्री पदम बहादुर राना मगर | - | कार्यपालिका सदस्य एवं वडा अध्यक्ष, वडा नं ५ |
| श्री छम बहादुर सोमै मगर | - | कार्यपालिका सदस्य एवं वडा अध्यक्ष, वडा नं ६ |
| श्री उर्मिला महतो | - | कार्यपालिका सदस्य |
| श्री तुलीसरा सोमै मगर | - | कार्यपालिका सदस्य |
| श्री बिनीसरा ढेंगा मगर | - | कार्यपालिका सदस्य |
| श्री मोतीलाल कुमाल | - | कार्यपालिका सदस्य |
| श्री केमान सिंह | - | कार्यपालिका सदस्य |
| श्री हरि प्रसाद पराजुली | - | प्रमुख प्रशासकिय अधिकृत, सदस्य – सचिव |

अन्य उपस्थिती –

श्री ... - लेखा अ

श्री रविन्द्र खापकोटा - उ. अ.

श्री रवि काफ्ले - प्र. अ

हुप्सेकोट गाउँपालिका, गाउँकार्यपालिकाको मिति २०८१।०४।११ गते बसेको ५६ औं बैठकको निर्णय माइन्युट

**निर्णय नं. १ – शैक्षिक योजना निर्माण सम्बन्धमा।**

नेपाल सरकार सशर्त वित्तीय हस्तान्तरण अनुदान मार्फत शिक्षा क्षेत्रको सुधारको लागि योजना निर्माण सम्बन्धमा रकम प्राप्त हुन आएकोले गाउँ शिक्षा योजना निर्माण गरी उक्त क्रियाकलाप कार्यान्वयन गर्न तपशिल बमोजिमको कार्यदल गठन गर्ने निर्णय गरियो।

तपशिलः

शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख, संयोजक -

विज्ञ सदस्य -

प्रशासकीय अधिकृत, रवि काफ्ले - सदस्य

शिक्षा अधिकृत, तेजचन्द्र खनाल – सदस्य सचिव

**निर्णय नं. २ – स्तरीकरण सम्बन्धमा।**

गण्डकी प्रदेशको विद्यालय स्तरीकरण सूचक बमोजिम तोकिएका विषयवस्तु अवगत गराई सोही बमोजिम कार्य गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

**निर्णय नं. ३ – क्षमता विकास सम्बन्धमा।**

(क) हुप्सेकोट गाउँपालिका, गाउँकार्यपालिकाबाट गठित विषयगत समितिको कार्यसम्पादनमा थप निखारता ल्याउन आवश्यकताअनुसार तालिम सञ्चालन गर्ने निर्णय गरियो।

(ख) प्राविधिक कर्मचारीहरुलाई विषय क्षेत्रगत रुपमा तालिम प्रदान गर्ने निर्णय गरियो।

(ग) नगर प्रहरीलाई कम्तीमा एक हप्ताको तालिम सञ्चालन गर्ने निर्णय गरियो।

**निर्णय नं. ४ – योजना/कार्यक्रमको कार्यान्वयन सम्बन्धमा।**

चालू आर्थिक वर्षको स्वीकृत वार्षिक विकास कार्यक्रमहरुमध्ये योजनाहरुको प्रकृति हेरी दुई वा सो भन्दा बढी योजना/कार्यक्रम एकीकृत गरी ठेक्का प्रक्रिया समेत अपनाउने निर्णय गरियो। साथै ठेक्का प्रक्रियाबाट सञ्चालन हुने योजना/कार्यक्रमहरुको आगामी भाद्र मसान्तसम्म बोलपत्र आह्वान गरिसक्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

लक्ष्मी देवी पाण्डे

अध्यक्ष

CamScanner

**निर्णय नं. ५ – सहयोग सम्बन्धमा ।**

मध्यबिन्दु जिल्ला अस्पतालको लागि एक जना स्टाफ नर्सलाई कामकाजमा खटाई सहयोग गरिदिनुहुन भनी अनुरोध भई आएको र यस गाउँपालिकामा भएका मौजुदा जनशक्तिबाट कामकाजमा खटाउन सक्ने अवस्था नभएकोले एक जना स्टाफ नर्सको विज्ञापन गरी छनौट गर्ने र कामकाजको लागि मध्यबिन्दु जिल्ला अस्पतालमा पठाउने निर्णय गरियो ।

**निर्णय नं. ६ – उपभोक्ता समिति गठन गर्ने सम्बन्धमा ।**

चालू आर्थिक वर्षमा उपभोक्ता समितिमार्फत हुने स्वीकृत वार्षिक विकास कार्यक्रमहरु वर्गीकृत गरी आगामी असोज मसान्तसम्म समिति गठनको कार्य सम्पन्न गरिसक्ने र कामको विषयमा तालिम प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७ – प्रशासकीय अधिकृतको नियुक्ति सम्बन्धमा ।**

प्रदेश लोक सेवा आयोग, गण्डकी प्रदेश, पोखराबाट यस गाउँपालिकामा सेवा स्थानीय प्रशासन, समूह प्रशासन, प्रशासकीय अधिकृत पदको सातौं तहमा सिफारिस भई आउनुभएका जिल्ला अछाम कमलबजार नगरपालिका वडा नं. ९ स्थायी ठेगाना भएका श्री जयराम बजगाई स्थायी नियुक्ति दिने निर्णय गरियो ।

**निर्णय नं. ८ – ब्याक हो लोडरको सहचालक व्यवस्थापन सम्बन्धमा ।**

यस गाउँपालिकाबाट सञ्चालित ब्याक हो लोडरको सहचालकको रुपमा कार्यरत श्री भुवन सिं सारु मगरले घरायसी कारण देखाई नियमित उपस्थित भई कार्य गर्न नसक्ने भनी लेखी आएकोले उक्त मेसिनको सहचालकको रुपमा यसै गाउँपालिका वडा नं. १ बस्ने चित्र बहादुर वि.क.लाई कामकाजमा लगाउने निर्णय गरियो ।

**निर्णय नं ९ – मापदण्ड सम्बन्धमा ।**

सामाजिकीकरणको अभ्यासलाई संस्थागत गर्न वृति परामर्श तथा अभिभावक शिक्षा सेवा केन्द्र व्यवस्थापन तथा सञ्चालन मापदण्ड, २०८१ स्वीकृत गर्ने निर्णय गरियो ।

लक्ष्मी देवी पाण्डे
अध्यक्ष

CamScanner

**निर्णय नं. १० – म्याद थप गर्ने सम्बन्धमा।**

यस गाउँपालिकामा करार सेवामा कार्यरत सम्पूर्ण कर्मचारीहरुलाई साविककै सेवा सुविधा उपलब्ध गराउने गरी आगामी असोज मसान्तसम्म कामकाजमा लगाउने निर्णय गरियो।

**निर्णय नं ११ – नगर प्रहरी परिचालन सम्बन्धमा।**

नगर प्रहरीलाई आफ्नो पेशा थप उर्जावान बनाउन तपशिल बमोजिमको नगर प्रहरी परिचालन समिति गठन गर्ने निर्णय गरियो । साथै ऐनमा व्यवस्था भए बमोजिम विगतमा सुरक्षा निकायमा काम गरेकामध्येबाट एक जना नगर प्रहरी थप गर्ने निर्णय गरियो।

तपशिल

श्री मोतिलाल कुमाल- संयोजक

श्री विष्णु राना – सदस्य

श्री रविन्द्र सापकोटा – सदस्य

**निर्णय नं. १२ – घर नक्सा सम्बन्धमा।**

यस गाउँपालिका क्षेत्रभित्र बन्ने घरहरुको नक्सा पास गर्ने कार्यलाई अनिवार्य गर्ने र उक्त कार्य नियमित गर्ने एक जना प्राविधिकलाई तोक्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो। साथै निश्चित समयावधि तोकी घरको अभिलेखीकरण अनिवार्य गर्ने निर्णय गरियो।

**निर्णय नं. १३ – बेरुजु फर्छौट सम्बन्धमा।**

महालेखा परिक्षकको अन्तिम प्रतिवेदनमा सार्वजनिक भएको बेरुजु फर्छौटको सन्दर्भमा सार्वजनिक लेखा समितिको बैठक बसी आवश्यक प्रक्रिया पुरा गर्ने निर्णय गरियो।

**निर्णय नं. १४ – राजश्व संकलन सम्बन्धमा।**

यस गाउँपालिका अन्तर्गत गिरुबारी खोलाक्षेत्रको तटबन्धनका लागि प्रयोग भएका नदिजन्य पदार्थको (ढुङ्गा) राजश्व यस गाउँपालिकामा दाखिला नभएकोले उक्त कार्यमा सहयोग गरिदिनु हुन भनी जलस्रोत

लक्ष्मी देवी पाण्डे
अध्यक्ष

CamScanner

तथा सिंचाई डिभिजन कार्यालय, नवलपरासीको (ब.सु.पू.) तालुक कार्यालयमा लेखी पठाउने निर्णय गरियो।

**निर्णय नं. १५ – प्रारम्भिक वातावरणीय अध्ययन (IEE) प्रतिवेदन तयार गर्ने सम्बन्धमा।**

यस गाउँपालिका क्षेत्र अन्तर्गत पर्ने खोलाहरुको प्रारम्भिक वातावरणीय अध्ययन (IEE) प्रतिवेदन तयार गरी खोलाबाट नदीजन्य पदार्थ उत्खनन, संकलन तथा बिक्री वितरणको क्रियाकलाप अगाडि बढाउने निर्णय गरियो।

**निर्णय नं. १६- सुविधा थप सम्बन्धमा।**

यस गाउँपालिकामा पोषण स्वयंसेवकको रुपमा कार्यरत श्री बिन्दु थापा मगरको साविकमा भएको तलवमानमा रु. ३,०००।- अक्षरुपी तीन हजार रुपैयाँ थप गर्ने निर्णय गरियो।

**निर्णय नं. १७ – कार्यालय सहयोगी सम्बन्धमा।**

नागरिक आरोग्य केन्द्र, बेलुवाबाट कार्यालय सहयोगी उपलब्ध गराईदिन भनी पत्र प्राप्त भएकोले हुप्सेकोट गाउँपालिकाको अष्टलक्ष्मी आमा समूहमा सञ्चालित जेष्ठ नागरिक केन्द्रमा कार्यालय सहयोगी पदमा कार्यरत श्री निर्मला भुसाल पराजुलीलाई नागरिक आरोग्य केन्द्र, बेलुवामा कामकाजको लागि खटाउने निर्णय गरियो।

**निर्णय नं. १८ - समन्वय सम्बन्धमा।**

मनसुनसँगै बाढी तथा पहिरोको कारण खोला तटिय क्षेत्रमा नदीजन्य पदार्थ थुप्रिन गई विपद् जोखिम उच्च भएकोले सम्भावित क्षति न्यूनीकरणको लागि खोला च्यानलाईज गर्ने र कच्ची बाटो स्तरोन्नतीको लागि जिल्ला विपद् व्यवस्थापन समिति, नवलपरासीमा (ब.सु.पू.) लेखी पठाउने निर्णय गरियो।

हुप्सेकोट गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय देउराली, नवलपरासी (ब.सु.पू.) गण्डकी प्रदेश, नेपाल २०७३

लक्ष्मी देवी पाण्डे
अध्यक्ष

CS CamScanner

हुप्सेकोट गाउँपालिका, गाउँकार्यपालिकाको मिति २०८१।०४।११ गते बसेको ५६ औं बैठकको निर्णय माइन्युट

**निर्णय नं. १९ – निर्णय कार्यान्वयन सम्बन्धमा।**

संयुक्त राष्ट्र संघ, सुरक्षा परिषद्को स्वीकृत प्रस्ताव नं. १३२५ र १८२० मा उल्लेख भएका विषयवस्तुलाई आन्तरिकीकरण गर्न नेपाल सरकार गृह मन्त्रालयबाट सार्वजनिक भएको राष्ट्रिय कार्ययोजना अनुरुप स्थानीय तहमा समेत कार्ययोजना कार्यान्वयन समिति गठन गर्न व्यवस्था भएबमोजिम सुरक्षा परिषद्को उक्त प्रस्ताव कार्यान्वयन गर्न तपशिल बमोजिमको समिति गठन गर्ने निर्णय गरियो।

गाउँपालिका अध्यक्ष – संयोजक

गाउँपालिका उपाध्यक्ष - सह- संयोजक

सहायक प्रमुख जिल्ला अधिकारी - सदस्य

प्रमुख प्रशासकीय अधिकृत - सदस्य

न्यायिक समिति सदस्य – सदस्य

कार्यपालिका महिला सदस्य - सदस्य

योजना शाखा प्रमुख - सदस्य

शिक्षा, युवा तथा खेलकुद शाखा – सदस्य

स्वास्थ्य शाखा प्रमुख– सदस्य

द्वन्वपिडित महिला दुई जना - सदस्य

संघसंस्था प्रतिनिधि/द्वन्दपिडित महिला सञ्जाल नवलपरासी (ब.सु.पू.) – सदस्य

महिला बालबालिका तथा समाज कल्याण ईकाइ प्रमुख – सदस्य सचिव

साथै उल्लेखित समितिलाई सहयोग पुऱ्याउने गरी तपशिल बमोजिमको समष्टिगत आवश्यकता पहिचान उपसमिति गठन गर्ने निर्णय गरियो।

लक्ष्मी देवी पाण्डे
अध्यक्ष

महिला कार्यपालिका सदस्य – संयोजक

मनोसामाजिक परामर्शदाता – सदस्य

द्वन्दपिडित दुई जना महिला – सदस्य

महिला, बालबालिका तथा समाज कल्याण ईकाइ प्रमुख – सदस्य सचिव

लक्ष्मी देवी पाण्डे
अध्यक्ष